१. विश्वव्यापी महामारीको रुपमा देखा परेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को दोश्रो संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्ला विपद् व्यवस्थापन समिति, माननीय सभासदज्यूहरु, सुरक्षा निकाय, स्थानीय तहहरु, राजनीतिक दलहरु, विभिन्न सरकारी तथा गैर-सरकारी संघ संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, संचार जगत तथा अन्य सरोकरवाला निकायबाट भएका प्रयासहरुको समिक्षा गरियो। यस सम्बन्धमा सवै सरोकारवाला निकायवाट भएका प्रयास तथा कार्यहरुको उच्च मुल्याङ्कन गर्दै आगामी दिनमा आउन सक्ने संभावित तेश्रो भेरियन्टवाट समेत जिल्लालाई जोगाउन यसैगरी सवै निकायहरु समन्वयात्मक रुपमा सहकार्य गर्ने निर्णय गरियो।

२. यस जिल्ला भित्र घट्न सक्ने विपद्का संभावित घट्नाहरुको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि "विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७" तथा "मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८" लाई विभिन्न सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरु र बिषयगत नेतृत्व गर्ने निकायहरुसंगको समन्वय, सहकार्य र छलफलका आधारमा समसामयिक बिषयहरु समेत समेटी अद्यावधिक गरी पेश हुन आएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने र यस योजनाको प्रकाशन गर्न नेपाल रेडक्रस सोसाइटी पाल्पालाई जिम्मा दिने।

३. मनसुनको समयमा जिल्ला भित्र हुन सक्ने संभावित विपद्, बाढी, पहिरो, आगलागी, हुरी, वतास, चट्याङ, भुकम्प जस्ता विषयमा खोज, उद्धार, राहत तथा पुनरुथापनाका लागि सवै सुरक्षा निकाय, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरु तत्काल परिचालित हुने गरी तयारी अवस्थामा रहने।

४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८ मा तोकिए बमोजिम सवै सुरक्षा निकायहरु, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरुले विपद्को समयमा खोज, उद्धार र राहतका लागि आवश्यक पर्ने उपकरण, खाद्य तथा गैर खाद्य सामग्रीहरुको यथोचित बन्दोवस्त मिलाउने। खोज तथा उद्धारका लागि प्रयोग हुने उपकरणको हकमा सुरक्षा निकायहरुका तर्फवाट उपलब्ध उपकरणहरु र थप आवश्यक पर्ने उपकरणहरुको सूची बनाई तीन (३) दिन भित्र पेश गर्ने र ती उपकरणहरु खरिद गरी उपलब्ध गराउन सबै स्थानीय तहहरुवाट आवश्यक सहयोग गर्ने।

५. सबै स्थानीय तह, सम्बन्धित सरोकारवाला, सरकारी तथा गैर सरकारी निकायहरुले विपद्को पूर्व तयारीसंग सम्बन्धित बिषयमा सचेतना मूलक सन्देशहरु स्थानीय संचार माध्यम, सामुदायीक रेडियो, एफ.एम., पत्रपत्रिकावाट प्रकाशन/प्रशारण गर्ने।

६. सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तह भित्र आवश्यकता अनुसार कार्यान्वयन गर्ने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गर्ने साथै विपद् जन्य घट्ना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन प्रत्येक पालिकाको वडास्तरमा सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा आवश्यक संख्यामा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने। उक्त समितिलाई सूचना संकलन र जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गर्ने माध्यको रुपमा सक्रिय बनाउने। यस्तो समिति सात (७) दिन भित्र गठन गरी समितिमा रहने सदस्यहरुको नाम र फोन नं. सहितको विवरण नजिकको प्रहरी चौकी र जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने। साथै विपद् परेको वेलामा तत्काल खोज, उद्धार र राहतका लागि परिचालित गर्न सकिने गरी प्रत्येक स्थानीय तहको वार्डस्तरमा सोही वार्डस्तरमा क्रियाशील राजनीतिक दल, विभिन्न संघ, संस्था, नागरिक समाजका अगुवाहरु रहेको स्वयंसेवकहरुको एउटा टिम बनाउने र परिचालन गर्ने।

७. विपद्को समयमा तत्काल परिचालित गर्न सकिने गरी सडक डिभिजन कार्यालय, पाल्पाको स्काभेटरलाई मनसुन अवधिभर सिद्धार्थ राजमार्गको प्रभास चौकी र दोभान चौकीमा स्ट्याण्डवाई अवस्थामा राख्ने। कालिगण्डकी कोरिडोर आयोजनाको स्काभेटर आर्यभन्ज्याङ् प्रहरी चौकीमा राख्ने। अन्य स्थानीय तह र आयोजनामा रहेका स्काभेटरहरु संभावित जोखिम युक्त स्थानको नजिकको प्रहरी चौकीमा राख्ने व्यवस्था मिलाउने। त्यस्ता स्काभेटरहरु मर्मत गर्नुपर्ने भए मर्मत गरी चालु राख्ने। सवै स्थानीय तहले एम्बुलेन्स र दमकल जस्ता साधनहरुलाई मर्मत गर्नु पर्ने भए मर्मत गरी तयारी अवस्थामा राख्ने।

८. लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल, पाल्पा अस्पताल, रामपुर अस्पताल, नेपाल रेडक्रस सोसाइटी र अन्य निजी क्षेत्रवाट संचालित समेत सबै एम्वुलेन्सहरु जुनसुकै बखतमा प्रयोग गर्न सकिने गरी चालु अवस्थामा राख्न निर्देशन दिने र यसको संयोजन नेपाल रेडक्रस सोसाइटी, पाल्पा शाखाले गर्ने।

९. सबै अस्पतालहरु, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुले विपद्को समयमा अति आवश्यक औषधीहरु तयारी अवस्थामा राख्ने आवश्यकता अनुसार तुरुन्तै परिचालित हुन सक्ने गरी

स्वास्थ्य कर्मीहरुको QRT(Quick Response Team) बनाउने र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने। यसको संयोजन स्वास्थ्य कार्यालय, पाल्पाले गर्ने।

१०. विपद्को संमयमा जिल्ला भित्र आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामग्रीको अभाव हुन नदिन पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ र नेपाल रेडक्रस सोसाइटिको तर्फवाट बिशेष पहल गरी त्यस्ता खाद्य तथा गैर खाद्य पदार्थको अभाव हुन नदिने।

११. प्रत्येक स्थानीय तहमा रहेको पहिरो सम्भावित क्षेत्र तथा जोखिमयुक्त बस्तीहरुलाई मानवीय क्षति  हुन नदिने गरी मनसुन अवधिभर बस्ती स्थानान्तरण गर्न आ-आफ्नो स्थानीय तहवाट अनुगमन गरी पहल गर्ने।

१२. विपद्को समयमा सर्वसाधारण जनताको दैनिक जीवनमा तत्काल असर पर्ने संचार, विद्युत, खानेपानी जस्ता अत्यावश्यक सेवा सुचारु राख्नको लागि सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिने।

१३. जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रलाई सबलीकरण गर्न सवै स्थानीय तह तथा विपद् प्रतिकार्यसंग सम्बन्धित गैर सरकारी संस्थालाई अनुरोध गर्ने।

१४. यस जिल्लामा मिति २०७७ श्रावण १ गते देखि २०७८ असार ३ गते सम्म विपद् मा परी मृत्यु हुने ५ जनालाई जनही रु १(एक) लाखका दरले रु ५,००,०००।- र ११ जनालाई जनही रु २(दुई) लाखका दरले रु १६,००,०००।- साथै घर क्षती भएका परिवार १९ जनालाई रु. १,५७,०००।-भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

१५. विपद्को समयमा जिल्ला भित्र विपद् प्रभावित व्यक्ति तथा परिवारका लागि तत्काल राहत उपलब्ध गराउन आवश्यक पर्ने खाद्य सामग्रीहरुको अभाव हुन नदिन नेपाल रेडक्रस सोसाइटि, पाल्पा शाखामा रहने गरी फुड वैंक (Food Bank) स्थापना गर्ने। उक्त फुड वैंक (Food Bank) मा इच्छुक सवै व्यक्ति, विभिन्न संघ संस्थाहरु, उद्योग वाणिज्य संघ, व्यापार संघ, नागरिक समाजका तर्फबाट उपलब्ध गराउन सकिने खाद्य सामग्रीहरुको परिमाण सहितको सूची उपलब्ध गराउने र सोही सूची मध्येबाट विपद्को बेलामा विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण गर्ने।

१६. जिल्लामा विपद् बाट आकस्मिक रुपमा पर्ने घटनाका लागि सिचाई विकास डिभिजनबाट ५० थान र भू तथा जलाधार कार्यालयबाट ३० थान तारजाली स्टक राखी अन्य तारजाली आफ्नो

स्वीकृत कार्यक्रम अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिस र औचित्यका आधारमा खरिद गरी वितरण गर्ने व्यवस्था सम्बन्धित कार्यालयले मिलाउने ।

१७. वर्षातको समयमा सधैं पहिरो गइरहने सिद्धार्थ राजमार्गको तानसेन नगरपालिका वार्ड नं ८ स्थित गैडे पुल क्षेत्र र तिनाउ गाउंपालिका स्थित सिद्धबाबा क्षेत्रको विज्ञ टिमबाट भैगर्भिक अध्ययन गरी तदनुकुलको संरक्षण सम्बन्धी योजना तर्जुमा लागि आवश्यक पहल गर्न सडक डिभिजन कार्यालय पाल्पालाई अनुरोध गर्ने।

१८. वर्षातको समयमा स्वच्छ पिउने पानीको अभावमा पानीजन्य विभिन्न रोग लाग्न सक्ने संभावना भएकोले पिउने पानीको आपूर्ति गर्ने खानेपानी उपभोक्ता समितिहरु तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयलाई स्वच्छ पिउने पानी उपलब्ध गराउन अनुरोध गर्ने।

१९. हाल यस जिल्लामा रहेको विपद् व्यवस्थापन कोषमा रु ७३,७८,४६८।– मात्र मौजदात रहेको सम्भावित विपद् घट्नाहरुमा खोज, उद्धार र राहतका लागि उक्त रकम अप्रयाप्त रहेको महसुस भएकोले थप रु २०,००,०००।– उपलब्ध गराई दिन गृह मन्त्रालयमा अनुरोध गर्ने साथै विपद्को समयमा खोज र उद्धार कार्यको लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराइदिन प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।